२०७७ सालको विधेयक नं.२

# डिलासैनी गाउँपालिकाको विनियोजन ऐन, २०७७

गाउँ सभामा पेश भएको मिति :२०७७०३।१०

डिलासैनी गाउँपालिका

डिलासैनी गाउँपालिका

## डिलासैनी गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक

## २०७७ सालको विधेयक नं.२

प्रस्तावना: डिलासैनी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम डिलासैनी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ:** (१) यस ऐनको नाम "डिलासैनी गाउँपालिकाको विनियोजन ऐन,२०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा **रकमरु.५६,३७,९३,०००।- (अक्षेरुपी छपन्न करोड सैतीस लाख त्रिरानब्बे हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त डिलासैनी गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने बजेट उपशीर्षकबाट नपुगहुने उपशीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर,चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । एउटै बजेट उपशीर्षक भित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा कार्यपालिकाले जति पनि रकम रकमान्तर गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक बजेट उपशीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

डिलासैनी गाउँपालिका

## अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.सं. | शीर्षकको नाम | जम्मा |
|---|---|---|
| १ | **आर्थिक विकास** | ३१०५५ |
| २ | **सामाजिक विकास** | ४८१०० |
| ३ | **पूर्वाधारविकास** | ४०००० |
| ४ | **वातावरण तथा विपद व्यवस्थापन** | १०००० |
| ५ | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | ४००००।००० |
| ६ | **वडा कार्यालयलाई अनुदान** | |
| ७ | **समपुरक कोष** | ३५०००।००० |
| | **नेपाल सरकार सशर्त अनुदान** | ३५९८६८०००।००० |
| | **जम्मा** | ५६४०२३०००।००० |

दिलासैनी गाउँपालिका